

# अध्याय -८

## आवश्यक परेकाहरूको निम्ति हाम्रो मिसन

यस अध्यायका मूल पदहरूः लूका ५:१७-२६, यूहन्ना ५:१-९, व्यवस्था १०:१९, लेबी २३:२२, मत्ती २५:३४-४०, यूहन्ना १५:१३।

<u>यस अध्यायको मूल सार पदः</u> *"तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गऱ्यौ, त्यो तिमीहरूले मलाई नै गऱ्यौ।' मत्ती २५:४०।*

आवश्यक परेकालाई परमेश्वरले कसरी सहयोग गर्नुभयो भनेर देखाएको चित्रण लूका ५:१७-२६ले उपलब्ध गराएको छ। कहिलेकाहीँ परमेश्वरले हामीलाई सहायता गर्न अरू मानिसहरूलाई प्रयोग गर्नुहुन्छ भनेर कहिलेकाहीँ अरूहरूलाई सहायता गर्न परमेश्वरले हामीलाई प्रयोग गर्नुहुन्छ। यो काम चुनौतीपूर्ण छ, तर यसले हामीलाई धेरै लाभप्रद हुन्छ। आवश्यकता परेकाहरूलाई सहयोग गर्दा हामीले येशूको सेवाकार्यको अनुसरण गरिरहेका हुन्छौँ।

कसलाई सहयोग गर्ने सो कहिलेकाहीँ थाहा पाउन सजिलो हुन्छ; अरू समयमा त्यो थाहा पाउन हामीलाई मुश्किल हुन्छ। जुनसुकै परिस्थिति भएतापनि आवश्यकतामा परिरहेका मानिसहरूलाई सहयोग गर्न परमेश्वरले हामीलाई आह्वान गर्नुहुन्छ। आवश्यकतामा परेका मानिसहरूको पृष्ठभूमिको सरोकार हामीलाई हुनुहुन्दैन।

अपरिचित मानिसहरूको नजिक हामी हुनुपर्छ र तिनीहरूको विश्वास जित्नुपर्छ भनेर बाइबलले हामीलाई बताउँदछ। तिनीहरूलाई चिनेर तिनीहरूले येशूलाई कसरी चिन्ने भन्ने उत्तम बाटो अपनाउन हामीले सिक्नुपर्दछ।

***आवश्यकता परेकाहरूकहाँ हामी पुगेर विभिन्न तरिकाहरूले सहयोग कसरी गर्नसक्छौं भनेर परमेश्वरले देखाउनुभएको योजना यस अध्यायमा हामी नियाल्नेछौं। तिनीहरूको आवश्यकता शारीरिक, भौतिक, भावनात्मक, आत्मिक, आर्थिक वा सामाजिक पनि हुन सक्छः कतिपय मानिसहरू उदास होलान् र सबैबाट फ्याँकिएको अनुभव गरिरहेका होलान्। जुनसुकै आवश्यकता भएतापनि हामीले सहायात गर्न हामी तयार हुनुपर्द। येशूभक्त हुनुको मूख्य कारण नै त्यो हो र हामी येशूको बाटोमा लागेपछि हाम्रो मिसनमा के समावेश हुनुपर्छ सो थाहा पाउन जरुरी छ।***

## १. साथीहरूको विश्वास

येशूकहाँ आवश्यक परेको मनिसलाई ल्याउन साथीहरूले कस्तो कष्ट गरे भनेर देखाएको उल्लेखनीय कथा सुसमाचारको पुस्तकहरूमा उल्लेख गरिएका छन्। आवश्यक परेकाहरूको सेवा गर्न कहिलेकाहीं दुःख गर्नुपर्छ भनेर ती कथाहरूले हामीलाई सिकाउँदछ।

**लूका ५:१७-२६ पढ्नुहोस् (यही कथा मत्ती ९:१-८ र मर्कूस २:३-१२ मा उल्लेख गरेको पनि पढ्नुहोस्)। हाम्रो मिसन र सेवाकार्यको बारेमा त्यस कथाबाट के उल्लेखनीय पाठहरू हामीले सिक्न सक्छौं? हेर्नुहोस्, "१७ एक दिन उहाँ शिक्षा दिइरहनुहुँदा गालील र यहूदियाको हरेक गाउँ र यरूशलेमबाट आएका फरिसीहरू र शास्त्रीहरू नजिकै बसिरहेका थिए। परमप्रभुको निको पार्ने शक्ति उहाँसँग थियो। १८ मानिसहरूले एउटा पक्षाघाती मानिसलाई खाटमा ल्याए, र तिनीहरूले त्यसलाई भित्र ल्याउन र उहाँको अगाडि राखिदिन खोजे। १९ तर भीड़ले गर्दा त्यसलाई भित्र लैजाने केही बाटो नपाएर तिनीहरू छतमाथि चढ़े, र तिनीहरूले झिंगटी हटाएर त्यसलाई खाटैसमेत येशूको सामुन्ने ओरालिदिए। २० अनि उहाँले तिनीहरूको विश्वास देखेर भन्नुभयो, "ए मानिस, तिम्रा पाप क्षमा भयो।" २१ तब शास्त्रीहरू र फरिसीहरूले प्रश्न गर्न लागे, "ईश्वर-निन्दा गर्ने यो को हो? पाप त परमेश्वरले मात्र क्षमा गर्न सक्नुहुन्छ।" २२ तर येशूले तिनीहरूको प्रश्न थाहा पाएर तिनीहरूलाई जवाफ**

**दिएर भन्नुभयो, "तिमीहरू आफ्ना हृदयमा किन प्रश्न गर्दछौ? २३ 'तिम्रा पाप क्षमा भयो' भन्नु कि 'उठेर हिँड़' भन्नु, कुनचाहिँ सजिलो छ? २४ तर मानिसको पुत्रलाई पृथ्वीमा पाप क्षमा गर्ने अधिकार छ भन्ने तिमीहरू जान।" त्यसपछि उहाँले त्यस पक्षाघातीलाई भन्नुभयो, "म तिमीलाई भन्दछु, उठ र आफ्नो खाट उठाएर घर जाऊ।" २५ अनि त्यो तुरुन्तै तिनीहरूकै सामुन्ने उठ्यो, र जुन खाटमा त्यो पड़िरहेको थियो सो उठाएर परमेश्वरको महिमा गर्दै त्यो आफ्नो घरतिर लाग्यो। २६ तब सबै जना आश्चर्यमा परे, र तिनीहरूले परमेश्वरको महिमा गरे, र भयभीत भएर यसो भने, "आज हामीले अनौठा कुरा देख्यौं।"**

त्यस पक्षाघात भएको मानिसलाई येशूकहाँ साथीहरूले ल्याउनुको अर्थ ती साथीहरूले आफ्नो साथीलाई स्याहार्न जिम्मेवारी लिएका थिए भनेर प्रकट गर्दछ। त्यस मानिसका साथीहरू जस्तै हामी पनि हुन परमेश्वरले हामीलाई आह्वान गर्नुभएको छ। आवश्यक परेकालाई येशूकहाँ हामीले ल्याउनुपर्दछ। यस कामको निम्ति हामी आफैमा विश्वासको आवश्यकता हुन्छ, हामी सहयोग गर्न तत्पर हुनुपर्दछ, हामीमा धैर्यता हुनुपर्दछ साथै अनौठो पाराले सहयोग गर्न हामीमा चाहना हुनुपर्दछ। मानिसहरूले बिरामीलाई येशूकहाँ ल्याए तर भिडले गर्दा तिनीहरूलाई वाधा भएको थियो। परम्पराको चलन अनुसार तिनीहरूले आफ्नो साथीलाई ढोकाबाट ल्याउन सकेन। तर तिनीहरू निराश भएनन्; तर तिनीहरूले सृजनात्मक शैली अपनाए। तिनीहरूले आफ्नो बिरामी साथीलाई जसरी भएपनि येशूकहाँ ल्याउने लक्ष्यमा लागेका थिए। आफ्ना बिरामी साथीलाई छानाको झिँगटी निकालेर येशूकै अगाडि झारिदिए! तिनीहरूका विश्वासलाई येशूले सराहना गरेका थिए भनेर लूकाले लूका ५:२०मा बताउँछन्।

हाम्रा असहाय साथीहरूलाई हामीले येशूकहाँ ल्याउने उहाँको चाहना हो। मानिसहरू जो भएतापनि तिनीहरूको जात, धर्म, वर्ण, देशीबिदेशी र नर वा नारीको वास्ता नगरि दुःखकष्टमा परेकोलाई क्षमा दिने र निको पार्ने महान् चिकित्सकको रूमा बाइबलले येशूलाई  चिनाइ दिएको छ।

निसहायलाई सहयोग गर्न दिदीमाँ एलेन जी ह्वाइटले हामीलाई चुनौती दिनुहुन्छः "तपाईंहरूको काम के हो सो थाहा पाउन नपर्खिनुहोस्। तपाईंले आफ्ना आँखाहरू खोल्नुहोस् र तपाईंको वरिपरि को छन् सो थाहा पाउनुहोस्ः निसहाय, दुःखमा परेका र आवश्यकतामा परेकाहरूसँग चिनापर्ची गर्नुहोस्।

तिनीहरूबाट तपाईं नलुक्नुहोस् र तिनीहरूको आवश्यकताप्रति तपाईंको आँखा बन्द नगर्नुहोस्। याकूबले भनेको अनुसार शुद्ध धर्म भएका, स्वार्थ र भ्रष्टबाट उम्किरहेका छौं भनेर कसले प्रमाण दिन सक्छ? मुक्तिको महान् योजनालई आफ्नो क्षमताले भ्याएसम्म सहयोग गर्न कसको आँट छ?"-*टेस्टीमोनिज फर द चर्च्*, ठेली २, पृ. २९।

निसहायहरूलाई कसरी सहयोग गर्नुपर्छ भनेर येशू आफैले देखाउनु भएर हामीले पनि त्यही गर्नुपर्छ भनेर उहाँले हामीलाई आह्वान गर्नुभएको छ। पहिले त हामी तिनीहरूका साथीहरू हुनुपर्छ; अनि तिनीहरूका आवश्यकताको बारेमा जान्नुपर्छ; अन्तमा तिनीहरूलाई हामीले येशूकहाँ ल्याउनुपर्छ। उहाँलेमात्र तिनीहरूलाई सहयोग गर्न सक्नुहुन्छ। माथिको कथाको तात्पर्य त्यही हो। हामी जुनसुकै परिस्थितिमा पनि आवश्यक परेकालाई सहयोग गर्न तत्पर हुनुपर्दछ। सहयोग गर्ने केवल एकमात्र प्रभु येशूकहाँ अगुवाइ गर्न प्रयत्न गर्नुहोस्।

***तपाईंको वरिपरि अहिले को छ र तिनीहरूको आवश्यकता के छ? तिनीहरूको निम्ति तपाईंले के गर्नुहुनेछ?***

## २. केवल येशूकोमात्र तरिका

**देहायका केही कथाहरूमा आवश्यकता परेकाहरूको सेवा गर्नु भनेको के हो भनेर हामीलाई कसरी सिकाउँछ? कसैको सेवा गर्दा त्यसको विरोधको पनि सामना गर्नुपर्दा अचम्म मान्नु हुँदैन। हेर्नुहोस्,**

**क. "१ यहूदीहरूको चाड थियो, र येशू यरूशलेममा जानुभयो। २ यरूशलेममा भेड़ा-ढोकाको नजिक पाँच वटा दलान भएको एउटा जल-कुण्ड छ, जसलाई हिब्रू भाषामा बेथस्दा भनिन्छ। ३ त्यहाँ अनेक रोगीहरू, अर्थात्- अन्धा, लङ्गड़ा, पक्षाघातीहरू पस्रिरहन्थे। [तिनीहरू पानी कति बेला छचल्किन्छ भनेर पर्खिरहन्थे। ४ किनभने परमप्रभुका एउटा दूतले बेला-बेलामा जल-कुण्डमा ओर्लेर पानी हल्लाइदिन्थे, र पानी छचल्किएपछि जो पहिला पानी भित्र पस्थ्यो, जस्तै रोगले ग्रस्त भए पनि, त्यो निको भइहाल्थ्यो।] ५ त्यहाँ अठतीस वर्षदेखि बिरामी भएको एक जना मानिस थियो। ६ येशूले त्यसलाई त्यहाँ पस्रिरहेको देख्नुभयो अनि लामो समयदेखि त्यो यस दशामा रहेछ भनी जानेर**

येशूले त्यसलाई भन्नुभयो, "के तिमी निको हुन चाहन्छौ?" ७ रोगीले उहाँलाई भन्यो "हजूर, जुन बेला पानी छचल्काइन्छ मलाई जलकुण्डमा हालिदिने मेरो कोही मानिस छैन, म जाँदाजाँदै मभन्दा अगाडि अर्को मान्छे पानीमा ओर्लिहाल्छ।" ८ येशूले त्यसलाई भन्नुभयो, "खड़ा होऊ, र आफ्नो ओछ्यान उठाऊ, र हिंड़।" ९ तुरुन्तै त्यो मानिस निको भयो, र आफ्नो ओछ्यान बोकी ऊ हिँड़िहाल्यो। त्यो दिन शबाथ-दिन थियो। १० यसकारण निको पारिएको त्यस मानिसलाई यहूदीहरूले भने, "यो त शबाथ-दिन हो, तिमीलाई ओछ्यान बोक्नु उचित छैन।" ११ त्यसले तिनीहरूलाई जवाफ दियो, "जसले मलाई निको पार्नुभयो उहाँले नै भन्नुभयो, 'आफ्नो ओछ्यान बोकेर हिंड़'।" १२ तिनीहरूले त्यसलाई सोधे, "तिमीलाई ओछ्यान बोकेर हिंड़ भन्ने मानिस को हो?" १३ तर निको भएको त्यस मानिसले उहाँ को हुनुहुन्थ्यो भनी चिनेको थिएन, किनभने त्यस ठाउँमा भीड भएको हुनाले येशू त्यहाँबाट गइसक्नुभएको थियो। १४ त्यसपछि येशूले त्यसलाई मन्दिरमा भेट्टाएर भन्नुभयो, "हेर, तिमी निको भएका छौ। फेरि पाप नगर, र तिमीमाथि अझ बढ़ी खराबी आई नपरोस्।" १५ उसलाई निको पार्ने त येशू हुनुहुँदोरहेछ भनेर त्यस मानिसले गएर यहूदीहरूलाई भनिदियो।" यूहन्ना ५:१-१५।

ख. २१ तब उहाँहरू कफर्नहुममा जानुभयो, र तुरुन्तै शबाथ-दिनमा सभाघरमा पसी उहाँले शिक्षा दिन लाग्नुभयो। २२ अनि तिनीहरू उहाँका शिक्षामा चकित भए। किनकि उहाँले तिनीहरूलाई शास्त्रीहरूले जस्तो होइन, तर अधिकारसँग सिकाउनुभयो। २३ त्यही बेला त्यस सभाघरमा अशुद्ध आत्मा भएको एक जना मान्छे थियो। २४ त्यसले यसो भन्दै चिच्च्यायो, "हे नासरतका येशू, हामीलाई तपाईंसँग के सरोकार? के तपाईं हामीलाई सर्वनाश पार्नलाई आउनुभएको हो? म तपाईंलाई चिन्छु, तपाईं परमेश्वरका पवित्र जन हुनुहुन्छ।" २५ तर येशूले त्यसलाई यसो भन्दै हकार्नुभयो, "चूप लाग, र त्यसबाट निस्किजा।" २६ त्यस मान्छेलाई लछारपछार पार्दै त्यो अशुद्ध आत्मा ठूलो स्वरले चिच्च्याएर त्यस मान्छेबाट निस्कियो। २७ तब सबै

**जनाले अचम्म माने, र तिनीहरू यसो भन्दै आपसमा सोधासोध गर्न लागे, "यो के हो? यो त नयाँ शिक्षा रहेछ। यिनले त अधिकारसँग अशुद्ध आत्माहरूलाई पनि आज्ञा गर्छन्, र तिनीहरूले यिनका आज्ञा मान्दारहेछन्।" २८ अनि चाँड़ै नै येशूको कीर्ति गालीलको इलाका वरिपरि चारैतिर फैलियो।" मर्कूस १:२१-२८।**

विशेष गरेर आवश्यक परेकाहरूको सेवाको पाँचवटा कदमहरू येशूले चाल्नुभएको बारेमा दिदीमाँ एलेन जी ह्वाइटले उल्लेख गर्नुभएको छः "मानिसहरूकहाँ पुग्ने सफल तरिका केवल येशूको मात्र छ। मानिसहरूको हित खोज्ने आभास दिनुभएर उद्धारकर्ता मानिसहरूको बीचमा घुलमेल गर्नुभएको थियो। तिनीहरूप्रति उहाँले सहानुभूति देखाउनुभयो, तिनीहरूको आवश्यकताको सेवा गर्नुभयो, र तिनीहरूको विश्वास जित्नुभयो। अनि 'मेरो पछि लाग" भन्नुभयो।" -*द मिनिस्त्री अभ हिलिङ्ग,* पृ. १४३।

**पहिले त,** आवश्यक परेकाहरूसँग घुलमिल गर्नुपर्छ, तिनीहरूसँग समय बिताउनुपर्छ र तिनीहरूलाई चिन्न खोज्नुपर्छ। तिनीहरूलाई असल गर्ने नियतले तिनीहरूको आवश्यकता थाहा पाउनुपर्छ। तलाउभा भएको पक्षाघात भएको मानिसकहाँ येशू गएको हेर्नुहोस् "उहाँ धेरै बिरामी, अन्धो, लङ्गडो र पक्षाघात भएको हुलमा हुनुहुन्थ्यो।" यूहन्ना ५:३।

**दोस्रो,** हामीले सहानुभूति देखाउनु पर्दछ। यो कदम चुनौतिपूर्ण हुन्छ। कतिपयले विश्वास पनि गर्दैन। (अझ इसाई बनाउन सहयोग गर्न आयो भनेर पनि आरोप लगाउँछन्)। कतिपय समयमा दया देखाएर विश्वास जित्दा मानिसहरूले दुरुपयोग पनि गर्न सक्छ। तैपनि कसैबट केही पाउने अपेक्षा नगरी हामीले दया र करुणा देखाउनुपर्छ भनेर परमेश्वरले हामीलाई आह्वान गरिरहनुभएको छ।

**तेस्रोमा,** आवश्यकता परेकाहरूको खाँचो तार्नु र सेवा गर्नु। यो केवल कुरालेमात्र चित्त बुझाउने होइन। साथी वा अपरिचितलाई सहायता गर्न सक्रिय हुनुपर्दछ। येशूले पक्षाघात भएको व्यक्तिसँग बोल्नुभयो र उसको आवश्यकता के हो सो सोध्नु भयो र अनि उसको निम्ति आश्चर्य काम गर्नुभयो। दुष्ट आत्माले सताएको मानिसलाई उहाँले पूरै आफ्नो स्वामित्वमा लिनुभएको थियो। त्यस मानिस आफैले के गर्नु सकेको थिएन, येशूले गरिदिनुभयो।

**चौथो कदम,** ती मानिसहरूको विश्वास जित्नु हो। जब हामीले मानिसहरूको सेवा गर्छौं, जब हामीले तिनीहरूलाई सहायता गर्छौं तब हामीमाथि विश्वास गर्न तिनीहरूले सिक्छन् र हामीले जे कुरा गर्छौं तिनीहरूले पत्यार गर्न थाल्छन्। अनिजब हामीले येशूको बारे चर्चा गर्छौं तब तिनीहरूले बढि चासो लिएर सुन्छन्। येशूले तिनीहरूलाई शारीरिक रूपमा मात्र निको पार्नुभएन तर तिनीहरू उहाँमा अनन्त जीवन पाऔस् भन्ने उहाँ चाहनुहुन्थ्यो (यूहन्ना १०:१०)।

अन्तिम कदमचाहीं तिनीहरूलाई येशूकहाँ डोऱ्याउन सहयोग गर्नुपर्छ। त्यसको लागि तपाईंमा र तपाईंले सहायता गर्ने व्यक्तिमा विश्वास हुनुपर्दछ।

***येशूले नै गर्नुभएको आश्चर्य काम हामी साधारणतया गर्न सक्दैनौं। तैपनि आवश्यक परेकाहरूलाई हामीले कुन कुन तरिकाले सहयोग गर्न सक्छौं?***

## ३. शरणार्थी र आप्रवासीहरू

आजभोली शरणार्थी र आप्रवासीहरूको विषयमा ठूलो बादविवाद चलिरहेको छ, विशेष गरेर आज तिनीहरूको संख्या ठूलो छ। युद्धको चपेतामा परेकाहरू, प्राकृतिक प्रकोपहरूको कारण र भविष्यमा आर्थिक स्वतन्त्रताको निम्ति लाखौं मानिसहरू आफ्नो घर र देशहरूलाई छाडेका हुन्छन्। तिनीहरूलाई सहयोग गर्नु अत्यन्तै आवश्यक हुन्छ।

यथार्थमा भन्ने हो भने येशू पनि शरणार्थी भएर जानुभएको थियो भनेर मत्ती २:१३,१४ले बताउँछ। रातारात युशूफ र मेरी बेथलेमबाट भागाभाग हुनुपरेको थियो। हेरोदको हत्याबाट बच्न तिनीहरू मिश्र देशमा शरणार्थी भएका थिए। त्यहाँ तिनीहरूको परिस्थिति कस्तो थियो भनेर बाइबलले बताएको छैन। तर तिनीहरूले चुनौतीको सामना गर्नुपरेकोमा हामी सोच्न सक्छौं। सायद, आजका करौडौं शरणार्थीहरूले जे भोगिरहेका थिए त्यही तिनीहरूले पनि भोगेको हुनुपर्दछ। अझ भन्ने हो भने विदेशमा येशूको परिवारले शरणार्थी भएको जस्तै आज पनि विदेशमा धेरै मुसलमान, बुद्धिस्ट, हिन्दू, इसाई र अरूहरू नयाँ देशहरूमा बसोबास गर्न शरणार्थी भइरहेका छन्।

साधारणतया, हाम्रै संस्कार र भाषाका मानिसहरूलाई साथी बनाउन सजिलो हुन्छ, किनभने हामीहरूमा साझा चासो छ। तर हामीभन्दा फरक पृष्ठभूमि भएका आप्रवासी र शरणार्थीहरूसँग साझा चासो भेट्टाउन सजिलो छैन। हाम्रो धर्मको मूल्यमान्यतासँग तिनीहरू नमिल्न सक्छ, तिनीहरूले बोल्ने भाषा

अर्कै हुन्छ र हाम्रो खानपिनसँग तिनीहरूको खानपिन मिल्न पनि नसक्ने हुन्छ। हामीबाट फरक भएतापनि जातभात, देशीविदेशी, वर्ण वा रङ्ग, नर वा नारी, धर्म र संस्कार नभनि तिनीहरूलाई सहयोग गर्न हामी अग्रसर हुनुपर्छ भनेर सुसमाचारले हामीलाई आह्वान गर्दछ।

देहायका पदहरूमा के महत्त्वपूर्ण विषयबस्तुहरू हामीले याद गर्नुपर्छ भनेर देखाएको छ? हेर्नुहोस्, **"१७ परमप्रभु तिमीहरूका परमेश्वर नै ईश्वरहरूका परमेश्वर र प्रभुहरूका परमप्रभु, महान् परमेश्वर, शक्तिशाली र भययोग्य हुनुहुन्छ। उहाँले कसैको पक्षपात गर्नुहुन्न, र उहाँले कहिल्यै घूस लिनुहुन्न। १८ उहाँले अनाथ र विधवाहरूलाई समर्थन गर्नुहुन्छ, र प्रवासीहरूलाई प्रेम गर्नुहुन्छ र उनीहरूलाई भोजन र वस्त्र दिनुहुन्छ। १९ यसैकारण तिमीहरूले पनि प्रवासीहरूलाई प्रेम गर्नुपर्छ, किनकि मिश्रमा तिमीहरू पनि प्रवासी थियौ।" व्यवस्था १०:१७-१९, "७ उहाँले अत्याचारमा परेकाहरूका पक्षमा न्याय दिनुहुन्छ, र भोकाहरूलाई भोजन दिनुहुन्छ। परमप्रभुले कैदीहरूलाई मुक्त गरिदिनुहुन्छ। ८ परमप्रभुले अन्धाहरूका आँखा खोलिदिनुहुन्छ। परमप्रभुले दबिएकाहरूलाई उठाउनुहुन्छ। परमप्रभुले धर्मीजनलाई प्रेम गर्नुहुन्छ।**

**९ विदेशीहरूलाई परमप्रभुले रक्षा गर्नुहुन्छ! अनाथ र विधवालाई उहाँले सँभाल्नुहुन्छ, तर दुष्टहरूका युक्तिहरू उहाँले विफल पार्नुहुन्छ।" भजनसंग्रह १४६:७-९, "९ प्रेम निष्कपट होस्। जुन कुरा खराब छ, त्यसलाई घृणा गर। जुन कुरा असल छ, त्यसमा लागिरहो। १० भातृ-प्रेमसँग एकअर्कालाई प्रेम गर। आफूलाई भन्दा बढ़ी अरूलाई आदर गर। ११ जोशमा पछि नहट। पवित्र आत्मामा प्रज्वलित होओ, प्रभुको सेवा गर्दैरहो। १२ आफ्नो आशामा आनन्द गर, सङ्कष्टमा धैर्य धारण गर, प्रार्थनामा निरन्तर लागिरहो। १३ सन्तहरूको खाँचोमा सहायता देओ, अतिथिसत्कार कायम राख।" रोमी १२:९-१३ र "'तिमीहरूले आफ्नो देशमा खेतको बाली काट्दा खेतका छेउ-छेउसम्म निखारेर नकाट्नू। तिमीहरूले आफ्नो बालीको शिला-बाला नबटुल्नू। ती तिमीहरूले गरीब र परदेशीहरूका निम्ति छोड़िदिनू। म परमप्रभु तिमीहरूका परमेश्वर हुँ।" लेवीहरू २३:२२।**

आप्रवासी र शरणार्थीहरूलाई हामीले कसरी सेवा पुऱ्याउने? यसको जवाफ त्यति सहज त छैन। कतिपय देशहरूमा राजनैतिक र धार्मिक कारणले

तिनीहरूसँग घुलमिल गर्न पनि उचित नहुन सक्छ। तर हामीले जे गर्न सक्छौं त्यो सक्दो गर्नुपर्छ। तिनीहरू दुःखकष्टमा परिरहेका हुन्छन् र हाम्रो सहायताको निम्ति खाँचो हुन्छ। हाम्रो गच्छे अनुसार तिनीहरूलाई सहयोग गर्नुपर्छ।

प्रार्थनाबाट सुरु गर्नुहोस्। अनि आप्रवासी र शरणार्थीहरूको बारेमा जानकारी लिनुहोस्। धेरै देशहरूमा तिनीहरूलाई सहायता गर्ने संस्थाहरू हुन्छन्। तपाईंको स्थानीय चर्च वा साबथस्कूलले पनि आप्रवासी र शरणार्थीहरूलाई सहयोग वा सेवा **गर्न योजना बनाउन सक्नुहुन्छ।**

***थोरै चन्दा भएतापनि तपाईंले थाहा पाएका आप्रवासी र शरणार्थीहरूलाई कसरी सहयोग गर्न सक्नुहुन्छ?***

## ४. चोट लागेकाहरूलाई गर्ने सेवा

हाम्रो संसारमा धेरै हृदयविदारक घट्नाहरू भइरहेका छन्। हामी मध्ये कसले हृदयमा चोट खप्नु परेको छैन होला? चाहे हामी धनाढ्य र भौतिक सम्पन्नतामा होस् वर विपन्न वर्षगमा रहेर भौतिक आवश्यकताहरूमा कमीमा होस्, त्यसको मतलब छैन। मानिसहरू चोटमा छन्, दुःखकष्टमा छन्, संघर्ष गरिरहेका छन्, जिउनै भारि भइरहेका छन्। विश्वको पश्चिमी बिकसित वा धनी देशका मानिसहरूले सुत्ने औषधी, डिप्रेशनलाई नियन्त्रण गर्न करोडौं रुपैयाँहरू खर्च गरिरहेकाछन्, सुख पाउन अनेकौं भोगबिलास र खानपिनमा मस्ती भइरहेकाछन्। भौतिक सम्पत्ति थुपार्दैमा सुखी र शान्तिको जीवन बिताउन पाइन्छ भन्ने छैन।

**"१८ "परमप्रभुका आत्मा ममाथि छ, किनभने गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति उहाँले मलाई अभिषेक गर्नुभएको छ। कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति, १९ र परमप्रभुका प्रसन्नताको वर्ष घोषणा गर्नका निम्ति उहाँले मलाई पठाउनुभएको छ।" लूका ४:१८-१९। यसले येशूले के गर्नुभयो सो हामीलाई कसरी सिकाउँदछ र हामी पनि हाम्रो क्षमता र हैशियत अनुसार हाम्रा वरिपरिरहेकाहरूलाई के गरिरहनुपर्छ भनेर उहाँको उदाहरणले बताउँदछ?**

येशूलाई ग्रहण गरोस् वा नगरोस् सबै मानिसहरूको आवश्यकताहरूमा हामी सेवा पुऱ्याउनुपर्छ भनेर परमेश्वरले हामीलाई आह्वान गरिरहनुभएको छ।

तिनीहरूकहाँ येशूको निम्ति हामी जानु नै हाम्रो लक्ष्य वा मिसनको जग हो। तिनीहरूलाई हामीले सहायता गर्नुपर्छ किनकि तिनीहरूको हाम्रो सहायता चाहिन्छ। हामीले येशूलाई हाम्रो प्रभु भनेर ग्रहण गरेको हुनाले हामीले तिनीहरूलाई सहयोग गर्छौं, र त्यसैको निम्ति उहाँले हामीलाई बोलाउनुभएको छ।

सबै मानिसहरूको आवश्यकतालाई पूरा गर्ने येशूको प्रयास नै हाम्रो पनि प्रयास हुनुपर्छ, यो बाइबलको नीति हो। येशूले निको पार्नुभएको वा सहयोग गर्नुभएकोसबैले उहाँलाई ग्रहण गरे वा गरेनन् सो हामीलाई थाहा छैन।

आवश्यकता पर्ने मानिसहरूको सेवा गर्न तिनीहरूको आवश्यकता के हो सो हामीले थाहा पाउनुपर्दछ। प्रत्येक संस्कार, समाज र सभ्यतामा आफ्नो साथीलाई कसरी व्यवहार गर्ने सो सिकाउँदछ। जब पाहुनाहरू आउँछ तब तिनीहरूलाई खानपिनद्वारा सत्कार गर्ने भारत (र नेपालमा चलन छ)। कतिपय समयमा अपरिचित मानिसलाई पैसा दिन सजिलो हुन्छ तब आफ्नो प्रियजन गुमाउने साथीलाई कसरी सान्त्वाना दिने त्यो मुश्किल हुन्छ। त्यस खालको साथीलाई पैसा र भौतिक थोकभन्दा अरू नै आवश्यक हुन्छ। साथीले ठूलो कुरा गुमाउनु परेको बेलामा तपाईंको सहानुभूति सहयोगको बढि आवश्यकता हुन्छ।

येशूको सहयोगी भएर हाम्रा मित्रहरूलाई सहयोग गर्ने महत्त्वपूर्ण नीतिमा तिनीहरूप्रति हामीले देखाउने निश्वार्थी प्रेम पहिला हुनुपर्छ। तिनीहरूको आवश्यकता पहिला थाहा पाउनु अनिमात्र तिनीहरूलाई सहयोग गर्न खोज्नुहोस्। तिनीहरूलाई चाहिने सहयोग जुटाउनुहोस्। तिनीहरूले येशूलाई विश्वास गर्न चाहन्छन् वा चाहँदैनन् त्यो तपाईंको सरोकार होइन।

**मत्ती २५:३४-४० पढ्नुहोस्। यहाँ हाम्रो निम्ति के सन्देश छ? हेर्नुहोस्, " ३१ "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब ऊ आफ्नो महिमामय सिंहासनमा बस्नेछ। ३२ र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्, र जसरी गोठालाले भेड़ा र बाख्रालाई छुट्ट्याउँछ, त्यसरी नै उसले तिनीहरूलाई एउटालाई अर्काबाट अलग गर्नेछ। ३३ उसले भेड़ाहरूलाई आफ्नो दाहिनेपट्टि, र बाख्राहरूलाई देब्रेपट्टि राख्नेछ। ३४ "तब राजाले आफ्ना दाहिनेपट्टिकाहरूलाई भन्नेछ, 'आओ, मेरा पिताका धन्यका हो!**

संसारको उत्पत्तिदेखि तिमीहरूका निम्ति तयार गरिएको राज्यलाई अधिकार गर। ३५ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दियौ। म तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दियौ। म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दियौ। ३६ नाङ्गै थिएँ, तिमीहरूले मलाई वस्त्र लगाइदियौ। बिरामी थिएँ, तिमीहरू मलाई हेर्न आयौ। झ्यालखानमा थिएँ, तिमीहरू मकहाँ आयौ।'

३७ "तब धर्मीजनहरूले उनलाई जवाफ दिनेछन्, 'हे प्रभु, कहिले हामीले तपाईंलाई भोकाउनुभएको देख्यौं, र खान दियौं? अथवा तिर्खाउनुभएको देख्यौं, र पिउन दियौं? ३८ कहिले हामीले तपाईंलाई परदेशी देख्यौं, र तपाईंलाई आश्रय दियौं? अथवा नाङ्गो देख्यौं र वस्त्र लगाइदियौं? ३९ र कहिले हामीले तपाईंलाई बिरामी वा झ्यालखानमा देख्यौं, र तपाईंकहाँ आयौं?' ४० "तब राजाले तिनीहरूलाई जवाफ दिएर भन्नेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, तिमीहरूले यी मेरा भाइहरूमध्ये सबैभन्दा सानामा एक जनालाई जे-जति गर्‍यौ, त्यो तिमीहरूले मलाई नै गर्‍यौ।' ४१ "त्यसपछि उनले देब्रेपट्टिका मानिसहरूलाई भन्नेछन्, 'श्रापित मानिस हो! मबाट दूर होओ, र दियाबलस र त्यसका दूतहरूका लागि तयार गरिएको अनन्तको आगोमा जाओ। ४२ किनभने म भोकाएको थिएँ, तिमीहरूले मलाई खान दिएनौ। तिर्खाएको थिएँ, तिमीहरूले मलाई पिउन दिएनौ। ४३ म परदेशी थिएँ, तिमीहरूले मलाई आश्रय दिएनौ। नाङ्गो थिएँ, र तिमीहरूले मलाई वस्त्र लगाइदिएनौ, बिरामी र झ्यालखानमा थिएँ, र तिमीहरू मलाई हेर्न आएनौ।'

४४ "तिनीहरूले पनि यसो भनेर जवाफ दिनेछन्, 'प्रभु, कहिले हामीहरूले तपाईंलाई भोकाएको वा तिर्खाएको देख्यौं, परदेशी वा नाङ्गो वा बिरामी देख्यौं, वा झ्यालखानमा देख्यौं, र तपाईंको सेवा गरेनौं?' ४५ "तब उनले तिनीहरूलाई जवाफ दिनेछन्, 'साँच्चै, म तिमीहरूलाई भन्दछु, यी सबैभन्दा सानाहरूमध्ये एक जनालाई जे-जति गरेनौ, त्यो तिमीहरूले मेरो निम्ति गरेनौ।' ४६ "तब यिनीहरू अनन्त दण्डको भागी हुनेछन्, तर धर्मी जनहरू अनन्त जीवनमा प्रवेश गर्नेछन्।" मत्ती २५:३०-४६।

## ५. महान् प्रेम

हामी सबैलाई थाहा छ वा धेरै नै थाहा छ कि मानिसको आवश्यकताको सिमाना नै हुँदैन। यदि तपाईंले अरूहरूलाई सहयोग गर्न चाहनुहुन्छ भने तिनीहरूलाई सहयोग गर्ने प्रसस्ता अवसरहरू तपाईंले पाउनुहुनेछ। तपाईंको नजिकको साथी होस् वा टाढाका शरणार्थीहरू होस्, मानिसहरूलाई जहिले पनि केही न केही कुरोको आवश्यकता भइरहेको हुन्छ र हामीले जे गर्न सक्छौं त्यो सहयोग गर्नुपर्छ। येशूले आफ्नो सेवाकार्यभरि निरिह मानिसहरूलाई सहायता गर्नुभएको थियो। कतिपय समयमा उहाँ आफै जानुभएर सहयोग गर्नुभएको थियो भने अरू समयमा साथीहरूको सक्रियतामा आवश्यकतामा परेका मानिसहरू उहाँकहाँ ल्याएका थिए, जसरि पक्षाघात भएको मानिसलाई साथीहरूले ल्याएको कथा हामी पढ्छौं।

**"आफ्ना मित्रहरूका लागि आफ्नो प्राण अर्पण गरिदिनुभन्दा ठूलो प्रेम अरू कसैको हुँदैन।" यूहन्ना १५:१३। अरूहरूको सेवा गर्ने क्रममा यो नीति हामीले कसरी कार्यान्वयन गर्ने?**

एउटा मिसिनेरी परिवारले ट्रिनिडाड र टोबागो टापुहरूमा छ वर्षसम्म सेवा गरेका थिए। पहिलो तीन वर्ष त हिन्दु र मुसलमानहरूको बाहुल्यता भएको समाजमा काम गरेका थिए। धेरै हिन्दुहरूले आफ्नो वार्षिक धन्यवाद दिने अवसरमा इसाईहरूले निमन्त्रणा अस्वीकार गरेको गुनासो गरेका थिए। एक दिन ती इसाई मिसिनेरीहरू नयाँ हिन्दु साथीको धन्यवाद दिने सेवाकार्यमा भाग लिए। तिनीहरूले येशूको उदाहरणलाई अनुसरण गरेका थिए: जब विशेष समारोहमा साथीहरूले येशूलाई निमन्त्रणा गरेको थियो तब उहाँ जानुभएको थियो। खास गरेर हिन्दुहरूले सिकाउँछन् कि साथी वा पाहुनाहरू घरमा आए भने तिनीहरूको घरमा आशिष ल्याउँछन्।

हामीले नयाँ साथीहरू बनाउन प्रयास गरौ। त्यो साथीको घरमा हामी जाँदा त्यहाँ हामीले आशिष ल्याएका हुन्छौं। तपाईं रहनुभएको समाज, गाउँ वा सहरमा पहिला चहार्नुहोस्। त्यहाँ कोही शरणार्थी, आप्रवासी वा नौलो मानिस आएर बसोबास गरेको छ कि? तपाईंकै टोलमा बस्ने मानिसहरूको बारेमा तपाईं के भन्नु हुन्छ? के तिनीहरूलाई तपाईंले चिन्नुभएको छ? तपाईंको परिवेश जे भएतापनि नौलो मानिसलाई साथी बनाउन सजिलो कुरो त होइन। प्रार्थना गर्नुहोस् र परमेश्वरसँग सहायता माग्नुहोस्। उहाँलाई सबै मानिसहरूलाई चिन्नुहुन्छ। नौलो मानिसहरूसँग तपाईं मित्रता गाँस्नुहुन्छ भन्ने

कुरो उहाँलाई थाहा छ। यो सम्झनुहोस्, तिनीहरूलाई साथी बनाउनुको तपाईंको लक्ष्य हो तिनीहरूलाई सहयोग गर्न परमेश्वरको सहायताको महसुस गरुन् भन्ने चिनाउन हो।

**चुनौतीः** *तपाईंको देशमा रहेको विदेशी वा येशूलाई विश्वास नगर्नेहरूको बारेमा थाहा पाउनुहोस्।*

**चुनौतीको कार्यान्वयनः** *तपाईंकै प्रभावमा परेको कोही मनिसको बारेमा तपाईं बुझ्नुहोस्। देहायको प्रश्नहरू दिएपछि उसको निम्ति तपाईं प्रार्थना गर्न सुरु गर्नुहोस्।*

-के त्यो व्यक्तिसँग येशूको नमुना अनुसार साथी बनाउनुभएको छ?

-त्यस व्यक्तिको आवश्यकताको बारेमा के तपाईंलाई थाहा छ?

-उसलाई कुनै दुःखदमा परेको छ भने त्यसबाट राहत पाउन उसलाई येशूकहाँ डोऱ्याउने कसरी सहयोग गर्न सकिन्छ?

**उपसंहार**

**थप जानकारीः यस बारे आर्थर ह्वाइटले लेख्नुभएको पुस्तक, "अ फ्यु डेज आट लङ्ग प्वाँइन्ट," को एलेन जी ह्वाइटः द अस्ट्रेलियन यर्सः १८९१-१९००, ठेली ४, पृ. १००-१०४।**

विभिन्न जातिहरूको संस्कार वा रहनसहनहरूसँग जोड्न येशूले पुलहरू बनाउनुभएको विभिन्न उदाहरणहरू सुसमाचारको पुस्तकका लेखकहरूले उल्लेख गरेकाछन् (मत्ती ८:२८-३४, मर्कूस ५:१-२०)। संसारका सबै जातिहरूले मुक्ति पाउन् भन्ने येशूको चाहना हो। त्यसरी नै अरू संस्कृति, संस्कार र रहनसहनका मानिसहरूलाई साथी बनाउन र तिनीहरूको सेवा गर्न हामीलाई आह्वान गरिएको छ। येशूको मृत्यु सबैको निम्ति हो। उहाँको मृत्युको उपयोगिता सबै जात, धर्म, वर्ण, राष्ट्र, धनी वा विपन्न वर्षको निम्ति हो। जो मानिस पनि जुनसुकै पृष्ठभूमिको भएतापनि मुक्ति पाउने सबैको जन्मसिद्ध अधिकार हो भन्ने कुरामा हामीले बिर्सनुहुन। बाइबलले यो ठोकुवा गरेको वचन स्पष्ट छ, "उहाँ हाम्रा पापका निम्ति प्रायश्चित हुनुहुन्छ, र हाम्रा निम्ति मात्र होइन, तर सारा संसारका पापका निम्ति पनि।" १ यूहन्ना २:२।

"कतिपय एडभेन्टिस्ट भनेर दावी गर्नेहरू नै परमेश्वरको योजना अनुसार चलेको देखिन्दैन। तिनीहरूले केवल आफ्नो परिवारको मानिसहरूलाईमात्र स्नेह देखाउँछन्। आवश्यकतामा परेका मानिसहरूलाई राहत दिएर सान्त्वना दिने प्रेमपूर्ण कार्य आफ्ना परिवारहरूमामात्र सिमित राखेको पाइन्छ..."

"जब प्रभुले हामीलाई बाहिरका मानिसहरूलाई सेवा गर्नुपर्छ भनेर आह्वान गर्नुहुँदा हामीले हाम्रो घरपरिवारलाई देखाउने स्नेहलाई घटाउनुपर्छ भनेर उहाँले भन्न खोज्नुभएको होइन।

हाम्रो कामको दायरा फराकिलो पार्नुपर्छ भन्दैमा हाम्रा आफन्तहरूलाई र देशलाई माया नगर्नु भनेर उहाँले भन्नुभएको छैन । तर हाम्रो स्नेह, सहानुभूतिहरू हाम्रो घरको पर्खालहरूभित्रमामात्र राख्नु पर्छ भनेर उहाँले भन्नुभएकोफ छैन । परमेश्वरले हामीलाई दिनुभएको आशिष केवल हामीमामात्र सिमित राख्नुहुन्न किनकि हामीले पाएको आनन्द अरूहरूले पनि उपभोग गर्नुपर्दछ ।"- एलेन जी ह्वाइट, *द आडभेन्ट रिभ्यु एण्ड साबथ हेराल्ड*, अक्टोबर, १५, १८९५ ।

अरूहरूको निम्ति पनि हामी आशिष हुनुपर्छ भनेर हामीलाई बोकाइएको जिम्मेवारी हाम्रो आरामी घरभन्दा बाहिरका संस्कारका मानिसहरू होस् वा असहायहरूलाई होस् सो तिनीहरूको मुक्तिको निम्ति पनि हो । अरूहरूलाई हामीले सहयोग गर्नुपर्छ भनेर येशूको आदेशमा कुनै सम्झौता गर्न सकिन्न (प्रेरित १:८, मर्कूस ११:१७) ।

**चिन्तनमननः**

अ. तपाईंको आफ्नै आरामी क्षेत्र के हो र त्यसबाट बाहिर निस्किन किन जरुरी छ?

आ. येशूलाई नै "१९ मानिसको पुत्र खाँदै र पिउँदै आयो, र तिनीहरू भन्दछन्, 'हेर, घिचुवा, पियक्कड़, कर उठाउने र पापीहरूको मित्र!' " (मत्ती ११:१९) भनेर हेलाँ गर्नुको अर्क के हो? येशूले के गरिरहनुभएको थियो कि उहाँले यो आरोप खप्नुभयो र यसले हाम्रो लक्ष्य वा मिसनको बारेमा के सिकाउँछ?

इ. येशूलाई विश्वास नगर्ने समाजको चाडपर्व वा समारोहहरूमा इसाईहरूको घुलमिलको दायरा कतिको छ? बाइबलका नीतिहरूको विरुद्धमा नगइ इसाईहरू अनविश्वासीहरूसँग कसरी घुमलिल गर्ने?

## कथा ८

## सत्यलाई पछ्याउँदै

**ओबेद**

**घाना**



पश्चिम अफ्रिकाको घाना देशमा रहेको सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा ओबेद पढ्न जाऊ भनेर हजुरआमाले सल्लाह दिइन्। तर ओबेदको झड्केलो बुबालाई त्यो सल्लाह मन पराएन। "ओबेदलाई सेभेन्थ-डे एडभेन्टिस्ट स्कुलमा पढ्न गयो भने ऊ एडभेन्टिस्ट भइ हाल्छ। त्यसकारण म उसलाई त्यहाँ पढ्न दिन्न, "अर्कै इसाई चर्चको पास्टर भएको ओबेदको झड्केलो बुबाले भने। अनि, ओबेद सरकारी बोर्डिङ्ग स्कुलमा भर्ना भयो। त्यहाँ नै उसले एडभेन्टिस्टको बारेमा सिक्न पुगेको थियो। त्यस स्कुलमा ओबेदले आफ्नो कक्षाका विद्यार्थीहरूसँग आइतबार नियमित रूपमा आराधना गर्थ्यो।

ओबेदको अन्तिम वर्षमा तल्लो तहका विद्यार्थीहरूलाई घर पठाएको थियो। ग्राजुयट हुने विद्यार्थीहरू अन्तिम परीक्षाहरूका निम्ति एक महिना स्कुलमै रहेका थिए। क्याम्पसमा केवल केही विद्यार्थीहरू मात्र भएकोले आइतबारको आराधना कार्यक्रम बन्द भएको थियो। तीन हप्तासम्म आइतबार आराधना गर्न नपाएकोले ओबेदलाई नियास्रो लागिरहेको थियो।

अनी अन्तिम परीक्षाको तयारी हुने शनिबार उसका तीन साथीहरू क्याम्पस छोडेर बाहिर जान लागेको देख्यो। तिनीहरू चर्च जाँदै थियो। "के म पनि तपाईंसँग चर्च जान सक्छु कि," ओबेदले सोधे। अनि दुई केटा र एक जना केटीसँग ओबेद पनि सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा गए। आराधना सेवाकार्यमा विशेष भजनहरू गाएको सुन्दा ओबेदलाई छक्क लाग्यो। यसरी सबै जना मिलेर एकै स्वरमा गाएको उसले कहिल्यै पनि सुनेको थिएन। विशेष गरेर "जबसम्म" भन्ने भजन गाएको उसलाई मनपऱ्यो।

सोमबार ओबेदले आफ्नी केटी साथीसँग भजनको पुस्तक केही समयको निम्ति माग्यो। चर्चमा गाएको भजन उसलाई सार्न चाहेको थियो। सान्ड्राले उसलाई भजनको किताब दिइन् र उसलाई भजन कसरी गाउने भनेर

सिकाइन्। भजनको पुस्तकमा भएका भजनहरू सिकाउन सान्ड्रालाई अनुरोध गऱ्यो। तिनीहरूको परीक्षाको अन्तिम हप्तामा धेरै भजनहरूसँगसँगै गाए।

भजनहरूले ओबेदलाई एडभेन्टिस्ट चर्चको बारेमा बढी चासो देखायो। उसलाई थाहा थियो कि उसका झड्केलो बुबाले ऊ एडभेन्टिस्ट होला भनेर उसलाई एडभेन्टिस्ट स्कुलमा पठाएको थिए।

स्कुलको पढाइ सकेपछि गर्मीको समयमा ओबेद घरमा फर्क्यो। गर्मी महिनाको छुट्टीमा ओबेद आफ्नी आमालाई सघाउन थाल्यो। उनी बाटोको छेऊमा तारेको माछा र मकैको रोटी बेच्थिन्। साबथमा चर्च जाने उसलाई आँट आएन तर एडभेन्टिस्ट चर्चमा जान उसलाई धेरै चाहना गरेको थियो। स्थानीय एडभेन्टिस्ट चर्चमा बुधबार बेलुका ७ देखि ८ बजेसम्म प्रार्थना सङ्गति हुने सूचना उसले पढ्यो। अनि उसले त्यहाँ जाने योजना बनायो। बुधबार बेलुका सौचालयमा जाने भनेर आमालाई सुनायो। घर टाढा थियो। आमाले तारेको माछा बेच्ने पसलको नजिक सार्वजनिक सौचालय थियो जुन एडभेन्टिस्ट चर्चको नजिक थियो।

दुई महिनासम्म ओबेदले एडभेन्टिस्ट चर्चमा बुधबार आराधनामा सामेल भयो। उसले नयाँ भजनहरू सिके। उसले परमेश्वर र बारेमा नयाँ सत्यहरू सिक्यो। आफूले सत्य भेट्टाएको भनेर उसले महसुस गऱ्यो।

जब ओबेद विश्वविद्यालयमा भर्ना भयो तब उसले क्याम्पसमा एडभेन्टिस्ट विद्यार्थीहरूलाई खोज्यो। जब तिनीहरूलाई भेटे तब तिनीहरूसँग साबथमा चर्च जान थाल्यो। अनि केही समयपछि बप्तिस्मा पनि लियो।

ओबेदका हजुरबुबा आफ्नो नाती एडभेन्टिस्ट भयो भनेर सुन्दा एकदम हर्षित भए। तर उसका झड्केलो बुबा रिसाए। समय बित्दै जाँदा ओबेदले एडभेन्टिस्ट सत्यलाई मन पराउन थालेको बुबाले थाहा पाए।

आज ओबेद दक्षिण घाना युनियनको मुख्यालयमा प्रशासकिय सहायक अधिकृत भएर काम गर्छन्। त्यो एडभेन्टिस्ट कार्यालय घानाको एक्रा सहरमा छ। बाबुआमाले विरोध गरेपनि सत्यलाई पछ्याउनु जरुरी छ भनेर उनले बताउँछन्।

"जब तपाईंले सत्य चिन्नुहुन्छ र यो सत्य हो भनेर थाहा पाएपछि त्यसलाई ग्रहण गर्न तपाईंलाई कसैले पनि रोक्न दिनुहुन्न। जे सत्य छ त्यसको पछि लाग्नुपर्दछ। परमेश्वरले आफ्नै समयमा उहाँले चर्चमा आराधना गर्न मिलाउनुहुनेछ," मुस्कुराएर ओबेदले यस लेखकलाई बताए।